प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

# घरेलु तथा साना उद्योग कार्यालय

कोशी प्रदेश, विराटनगर,मोरङ

प.सं. ०८१/०८२
च.नं. २४६

## प्रविधि (मेशिन तथा उपकरण ) हस्तान्तरणको लागि प्रस्ताव निवेदन आव्हान सम्बन्धि सूचना

### प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०५/२०

यस कार्यालयको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रचलित कानून बमोजिम दर्ता भई मोरङ जिल्ला भित्र संचालनमा रहेका लघु/घरेलु/साना उद्योगका उद्योगीहरुले उद्योग स्थापना/संचालन/क्षमता वृद्धीको लागि आवश्यक पर्ने तपशिल बमोजिमको प्रविधि सहयोग कार्यक्रम रहेको हुदाँ उक्त कार्यक्रममा सहभागि हुन इच्छुक उद्योगीहरुले निवेदन दस्तुर बापत रु.१००।– (एक सय मात्र प्रचलित कानुनमा उल्लेख भए अनुसार)सहित प्रविधि (मेशिन तथा उपकरण) सहयोग कार्यविधि,२०८० को अनुसूची-२ बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० दिन(असोज १८ गते) भित्र निम्न कागजात र विवरण सहित प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रविधि सहयोग सम्बन्धी कार्यक्रमहरु:**

| क्र. स. | कार्यक्रमको नाम | सहभागी हुन पाउने समुदाय या लक्षित समुह वा वर्ग (स्वीकृत वार्षिक कार्यक्रम अनुसार) | कैफियत |
|---|---|---|---|
| १. | कृषिजन्य कच्चा पदार्थमा आधारित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुले निवेदन पेश गर्न पाउने | |
| २. | उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम | सबै किसिमका उद्योगीहरुले निवेदन पेश गर्न पाउने | |
| ३. | परम्परागत उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | परम्परागत उद्योगहरुले निवेदन पेश गर्न पाउने | |
| ४. | दलित समुदाय लक्षित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | दलित समुदायद्धारा संचालित उद्योगीहरुले निवेदन पेश गर्न पाउने | |
| ५. | विपन्न, सिमान्तकृत समुदाय लक्षित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | विपन्न सिमान्तकृत समुदायका उद्योगीले निवेदन पेश गर्न पाउने | |
| ६. | बेरोजगार यूवा तथा वैदेशिक रोजगारबाट फर्किएकालाई स्वरोजगारका लागि उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | वैदेशिक रोजगारबाट फर्कि उद्योग दर्ता गरि व्यवासाय संचालन गरिरहेका व्यक्तिहरुले निवेदन पेश गर्न पाउने | |

**संलग्न गर्नु पर्ने कागजातहरु :-**

१. कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२. उद्योग दर्ता/नविकरण अध्यावधिक भएको प्रमाण-पत्रको प्रतिलिपि,
३. PAN/VAT ,दर्ता नं. र कर चुक्ता प्रमाणपत्र (गत आ.व.को) प्रतिलिपि,
४. तालिम लिएको भए तालिमको प्रमाणपत्रको प्रतिलिपि,
५. उद्योगीको नागरिताको प्रमाण-पत्रको प्रतिलिपि,
६. बेरोजगार यूवा तथा वैदेशिक रोजगारबाट फर्किएकालाई स्वरोजगारका लागि उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत निवेदन पेश गर्दा अनिवार्य रुपमा वैदेशिक रोजगारबाट फर्किएको प्रमाणित हुने कागजात पेश गर्नु पर्नेछ।
७. विपन्न सिमान्तकृत समुदाय लक्षित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण अन्तर्गत निवेदन पेश गर्न विपन्न सिमान्तकृत समुदायको परिचयपत्र वा सो खुल्ने कागजात अनिवार्य पेश गर्नु पर्नेछ।
८. खाद्यसँग सम्बन्धित उद्योग भए खाद्य अनुज्ञा पत्रको प्रतिलिपि।

**नोटः**

१. विगत तीन वर्षमा कुनै सरकारी निकायबाट प्रविधि खरिदका लागी कुनै अनुदान लिएको छैन भनी स्वघोषणापत्र।
२. प्रविधि माग गर्दा जुन कार्यक्रमबाट आफुले प्रविधि पाउन योग्य हुने हो सोही एक कार्यक्रमको लागि मात्र प्रस्ताव/निवेदन पेश गर्नु पर्नेछ।
३.निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस विदा पछि कार्यलय खुलेको पहिलो दिन अन्तिम दिन मानिने छ।
४. थप जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न हुन अनुरोध छ।

०८१/५/२०

प्रमुख उद्योग अधिकृत

फोन नं.०२१-४६६७१४
E-Mail:csiobrt@gmail.com